का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ फागुन २०८०,
बुधबार
6 March 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु


वर्ष २२, अंक २२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## नयाँ गठबन्धनलाई अंकगणितमै त्रास

# केन्द्रमा माधव नेपाल



|जम्मा : २७५ |जम्मा संख्या : १४१




जसपाले समर्थन नदिए सरकार नबन्ने वा बनेर पनि सहजै ढल्ने अवस्थाको आँकलन गर्दै एमाले र माओवादीले एकीकृत समाजवादीको साथ खोजेको छ । प्रदेश सभाको अंकगणित समेतका आधारमा माधव नेपाल नयाँ गठबन्धनको केन्द्रमा पुगेका छन् ।



प्रधानमन्त्रीले आफ्ना बाध्यताहरु बताउनुभएको छ । उहाँहरुको सँगै जाऔं भन्ने प्रस्तावमा हामी सकारात्मक छौं । कसरी अगाडि जाने भनेर औपचारिकरुपमै छलफल गर्छौं र निर्णय लिन्छौं ।

**घनश्याम भुसाल**
**महासचिव, एकीकृत समाजवादी**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता गठबन्धन फेरेसँगै नेपाली कांग्रेसले संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । सरकारमा सहभागी कांग्रेसले समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री प्रचण्डले अब तीन दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत लिनु पर्ने हुन्छ ।

नयाँ गठबन्धनमा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा) छन् । यी चार दलसँग सरकार बनाउन आवश्यक सांसद संख्या छ । विश्वासको मत लिन प्रतिनिधि सभामा १३८ सांसदको मत आवश्यक पर्छ । हाल प्रतिनिधि सभामा एमालेका ७८ मध्ये ७६ जना सांसद मात्रै मतदानमा भाग लिन पाउने छन् । सभामुखले बराबर भएको अवस्थामा मात्रै मत दिन पाउँछन् भन टोपबहादुर रायमाझी निलम्बनमा छन् । माओवादी केन्द्रका ३२, रास्वपाका २१ र जसपाका १२ गर्दा नयाँ गठबन्धनमा १४१ सांसद पुग्छन् ।

संघीय सरकारका लागि आवश्यक संख्या पुगेतापनि जसपाले समर्थन नदिए सरकार नबन्ने वा बनेर पनि सहजै ढल्ने अवस्थाको आँकलन गर्दै एमाले र माओवादीले एकीकृत समाजवादीको साथ खोजेको छ । प्रदेश सभाको अंकगणित समेतका आधारमा माधव नेपाल नयाँ गठबन्धनको केन्द्रमा पुगेका छन् ।

एकीकृत समाजवादीसँग १० सांसद छन् ।

नयाँ गठबन्धनका लागि केन्द्रमा रहेका माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले भने कुनै निर्णय लिइसकेको छैन । एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालका अनुसार एकीकृत समाजवादीले बुधबार पृष्ठ २ मा

# फेरि प्रतिपक्षमा कांग्रेस

## प्रचण्डबाट धोका भएको निष्कर्ष

मन्त्रीहरु फेरबदल गर्न र प्रधानमन्त्रीको पदावधि बढाउन तयार हुँदा समेत नमानेर प्रचण्डले सत्ता गठबन्धन तोडेकोमा कांग्रेस नेताहरुको दुखेसो छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।

एक वर्षमै सरकारबाट बाहिरिनु परेपछि नेपाली कांग्रेसले सत्ता सहयात्राबारे आन्तरिक समिक्षा गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन फेरेर एमालेलाई सरकारमा लगेपछि कांग्रेसले बुधबार कार्यसम्पादन समितिको बैठक राखेर सहकार्यबारे आन्तरिक समिक्षा गरेको हो ।

कांग्रेसले प्रधानमन्त्री लामो गृहकार्यपछि एमालेसँगको गठबन्धन गरेको निष्कर्ष पनि निकालेको छ । सभापति शेरबहादुर देउवा निवासमा बसेको कार्यसम्पादन समितिको बैठकले प्रधानमन्त्री प्रचण्डबाट धोका भएको निष्कर्ष निकालेको हो । कांग्रेसका प्रवक्ता डा.प्रकाशशरण महतका अनुसार प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको गठबन्धन जारी रहन्छ, कुनै समस्या छैन भनिराखेका थिए । उनी भन्छन्, 'तर, अहिले गठबन्धन नरहेको निष्कर्षमा पुग्नुभएको छ । त्यसबाट प्रचण्डहरु केही समयअघि देखि नै वैकल्पिक गठबन्धन निर्माणमा सक्रिय हुनुहुन्थ्यो भन्ने पुष्टि हुन्छ ।'

महतले प्रचण्डले धोका दिएको बताए । 'जुन विश्वासको जगमा हामीले काम गर्न खोजेका थियौं । कांग्रेसको एउटा ट्र्याक रेकर्ड छ । विश्वासमा काम गरिसकेपछि दायाँबायाँ



कांग्रेसको एउटा ट्र्याक रेकर्ड छ । विश्वासमा काम गरिसकेपछि दायाँबायाँ नगर्ने, धोका नदिने । तर विश्वासघात गर्दै प्रधानमन्त्री प्रचण्ड नै अर्को निर्णयमा पुग्नुभयो ।

**डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**

नगर्ने, धोका नदिने रेडर्क छ । तर, विश्वासघात गर्दै प्रचण्ड अर्को निर्णयमा पुग्नुभयो ।' उनका अनुसार अब कांग्रेसले सशक्त भएर प्रतिपक्षको भूमिका निर्वाह गर्नेछ ।

कांग्रेसका पदाधिकारीहरुका अनुसार गठबन्धन छाड्न प्रधानमन्त्रीले विभिन्न बहाना बनाएको पनि बताएका छन् ।

कांग्रेस नेताहरुले गठबन्धन टुट्नुका पाँच बुँदे, छ बुँदे भन्दै प्रधानमन्त्री प्रचण्डले बाहिर ल्याइरहेका विषय बहाना मात्रै भएको निचोड पनि निकालेका छन् । सबै विषयमा सभापति देउवासँग बसेर टुंग्याउन सकिनै नै भएतापनि कुराकानी नै नगरी प्रचण्डले आफ्नो निर्णयले गठबन्धन तोडेको उनहीहरुको निचोड छ ।

कांग्रेस नेताहरु कुनै न कुनै विन्दुमा प्रचण्डले धोका दिन्थे भन्नेमा समेत पुगिएको बताउँछन् । यो वा त्यो कारणले गठबन्धन टुट्यो भन्दै प्रचण्डहरुले गलत भास्य बनाउन खोजेको र त्यसमा अलमल गर्न नहुने निष्कर्षमा पुगिएको पनि कांग्रेस नेताहरु बताउँछन् ।

अर्थमन्त्री रहेका डा.महतको प्रधानमन्त्री प्रचण्डलाई असहयोग गरेको, कांग्रेस महासमितिमा हिन्दु राज्यका पक्षमा एक हजार बढी सदस्यले गरेको हस्ताक्षर जस्ता विभिन्न विषयले गठबन्धन टुटेको माओवादी पृष्ठ २ मा

# चीन बोल्यो, भारत मौन

नेपालको राजनीतिमा देखा परेको घटनाक्रमलाई लिएर चीनले प्रतिक्रिया जनाउँदा भारत मौन बसेको छ । भारतीय सञ्चारमाध्यमले चिनियाँ प्रभावमा नेपालमा सरकार परिवर्तन भएको बताइरहेका बेला चीनले चासो देखाएको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ फागुन ।



नेपालमा नयाँ सत्ता समीकरण बने लगत्तै चीनले चासो देखाएको छ । नेपाली कांग्रेससँगको गठबन्धनलाई तोडेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले एमाले, रास्वपा र जसपासँग मिलेर नयाँ समीकरण बनाउपछि चीनले नेपालको राजनीतिले स्थिरता लिने विश्वास व्यक्त गरेको हो ।

नेपालको राजनीतिमा देखा परेको घटनाक्रमलाई लिएर चीनले प्रतिक्रिया जनाउँदा भारत मौन बसेको छ । भारतीय संचारमाध्यमले चिनिया प्रभावमा नेपालमा सरकार परिवर्तन भएको बताइरहेका बेला चीनले चासो देखाएको हो ।

पुनर्गठित मन्त्रिपरिषदले राजनीतिक स्थिरता, अर्थतन्त्रको विकास र जनजीवन सुधारका लागि विभिन्न पक्षसँग एकता र सहकार्य गरी अघि बढ्ने विश्वास लिएको चिनियाँ परराष्ट्रमन्त्रालयले जनाएको छ ।

चिनियाँ परराष्ट्र मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मंगलबार नेपालको पछिल्लो राजनीतिक घटनाक्रमबारे कुरा उठेको हो । नेपालको राजनीतिक घटनाक्रमबारे उठेको जिज्ञासामा परराष्ट्र मन्त्रालयकी प्रवक्ता माउ निङले नेपालको नयाँ गठबन्धनले स्थिरता पैदा गर्ने विश्वास व्यक्त गरेकी हुन् ।

प्रवक्ता माउले नेपालमा नयाँ सत्ता गठबन्धन निर्माण गरी मन्त्रिपरिषद् पुनर्गठन गर्ने विषयमाथि चीनले ध्यान दिएको भन्दै राजनीतिक स्थायित्व, आर्थिक विकास र जनताको जीविकोपार्जनमा सुधार ल्याउन नेपालका सबै दलले एकताबद्ध भई सहकार्य गर्ने विश्वास व्यक्त गरेकी छन् । उनले मैत्रीपूर्ण छिमेकी र सहयोगात्मक पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मदिराका पारखी नेपाली कामदार दुबई ड्युटी फ्रिका मुख्य ग्राहक



**रेशम राज पौडेल/मध्यान्ह**
यूएई, २२ फागुन

खोटाङका नेत्र बहादुर राई दुबई विमानस्थलको ड्युटी फ्रि सपमा तीन लिटर रेड लेबलको प्याक खरिद गरेपछि पनि बेचैन थिए । अफगानिस्तानबाट रोजगार गरी स्वदेश फर्कंदै गरेका राई थप तीन लिटरको प्याक खरिद गरी एकैसाथ ६ बोतल रेड लेबल नेपाल ल्याउन चाहन्थे । नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक जना यात्रुलाई एक लिटर मदिरा बिना भन्सार ल्याउने छुट भएपनि राई साथमा आएका अन्य नेपाली यात्रुको सहयोगमा उक्त मदिरा भित्र्याउने योजनामा थिए ।

वैदेशिक रोजगारका लागि इराक पुगेर फर्केका पोखराका श्याम बरालले पनि तीन बोतलको रेड लेबलको प्याक खरिद गरे । साढे दुई वर्ष इराकमा काम गरेका बरालले आफन्तलाई उपहार दिन र साथीहरूको जमघटमा रमाइलो गर्न ह्वीस्की लैजान लागेको बताए ।

सर्लाही हरिपुरका मिश्री धानुक पनि राई र बरालसँगसँगै ड्युटी फ्रि को रेड लेबल खरिद गरी घर लैजाने योजनामा थिए । उनले भने, 'साथीहरूबाट यहाँ ड्युटी फ्रि सपमा सस्तो रेड लेबल पाउने सुनेको थिएँ । अघिल्लो पटक नेपाल जाँदा पनि लगेको थिएँ, यस पटक पनि लैजानुपर्छ ।'

मिश्री, राई र बराल मात्रै होइन वैदेशिक रोजगार र भिजिट भिसामा यूएई वा त्यस क्षेत्रमा गएका अधिकांश नेपालीले सस्तोमा पाउने लोभमा आफ्नो पसिनाको कमाइको एकहिस्सा रकम महंगो मदिरामा खन्याउने गरेका छन् ।

उक्त विमानस्थलबाट वार्षिक ९० मिलियन यात्रुहरू आउजाउ गर्ने गरेका छन् । त्यसमा नेपालीको संख्या करिब ५ लाखमात्रै छ । तर ड्युटी फ्रिको मदिरा पसलका मुख्य ग्राहक न्यूनतम तलबमा काम गर्ने नेपाली कामदार रहने गरेका छन् ।

राष्ट्रियताका दृष्टिकोणले ग्राहकको पहिचान पृष्ठ २ मा






# सिमकोटमा खोप अभियान तीव्र पारिने

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ फागुन

हुम्ला/मस-हुम्ला सिमकोट गाउँपालिकाले दादुरा रुवेला खोप अभियानलाई तीव्र पार्ने भएको छ। पालिका स्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मी अभिमुखीकरण गोष्ठीमा खोप अभियानलाई तीव्र पारिने जानकारी दिइएको हो।

फागुन २५ देखि चैत ९ गतेसम्म सञ्चालन हुने खोप अभियान अन्तर्गत आयोजित गोष्ठीमा

सिमकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नर बहादुर भण्डारीले जति बाधा अड्चन आएपनि अभियानलाई भने त्रीव्र पारिने बताए। उनका अनुसार गाउँपालिका मातहतमा पर्ने ८ वटा वटामा २० वटा खोप केन्द्र निर्धारण गरी ४२ जना स्वास्थ्यकर्मी परिचालन गरिने तयारी



गरिएको छ।

स्वास्थ्य क्षेत्रमा जिल्लाको नतिजा राम्रो देखिएपनि अझैं खोप अभियानको नतिजा राम्रो गर्ने जिल्ला स्वास्थ्य कार्यालय हुम्लाकी अनमी सरिता बोहराले बताइन्।

गाउँपालिकाका ८ वटा वडामा दादुरा रुवेला खोप लगाउने नौ महिनादेखि पाँच वर्ष मुनिका एक हजार ९ बालबालिकालाई खोप दिए लगत्तै १२ जनाको टोलीले अनुगमन गर्ने प्रस्ताव राखिएको छ। वडा १ मा ६२ जना, २ मा १ सय २३ जना, ३ मा ५७ जना, ४ मा ४६ जना, ५ मा १ सय ४९ जना बालबालिका खोप लगाउने छन्। यस्तै वडा ६ मा २ सय ४६ जना, वडा ७ मा २ सय ४ जना, वडा ८ मा २ सय ३ जना बालबालिकाले खोप लगाउने तथ्यांक रहेको छ।

हरेक वडामा भएका वडा अध्यक्षले खोप सञ्चालन हुँदा बालबालिकाको तथ्यांक नछुटाइ स्वास्थ्यकर्मीलाई खोपमा सहयोग गर्नुपर्ने वडा ६ का वडा अध्यक्ष एवम् गाउँपालिका प्रवक्ता दन्द रावतले बताए। गाउँपालिकाभित्र रहेका सम्पूर्ण वडाका अभिभावकले आफ्ना बालबालिकालाई खोपको दायरामा ल्याउन सहयोग गर्नुपर्ने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवास आलेले बताए। गाउँपालसकाले सबै भन्दा बढी लगानी शिक्षा र स्वास्थ्यमा गर्दै आएको र त्यसको प्रतिफल पनि एक दिन आउने गाउँपालिका उपाध्यक्ष सुशीला रोकाले बताइन्।

# मोना कुवेतद्वारा विद्यालयलाई कुर्सी हस्तान्तरण

**म्याग्दी/मस–** म्याग्देलीहरुको साझा सस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) राष्ट्रिय कार्यकारी समिति कुवेतले महेन्द्र रत्न माध्यमिक विद्यालयलाई कुर्सी हस्तान्तरण गरेको छ। मोना कुवेतले आफ्नो 'मोना कोसेली बचत' अन्तर्गत म्याग्दी जिल्ला मंगला ३ बरंजास्थित महेन्द्र रत्न माध्यमिक विद्यालयलाई ४० थान कुर्सी हस्तान्तरण गरेको हो। विद्यालयको कम्प्यूटर कक्षा र सभाहलमा बस्नको लागि सहज होस् भन्ने उद्देश्यका साथ उक्त कुर्सी प्रदान गरिएको हो।

मोना कुवेतका सस्थापक महासचिव तथा वर्तमान प्रमुख सल्लाहकार चन्द्र गोतामेले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विलभ थापा, प्रधानाध्यापक कृष्णलाल सापकोटा र विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्ण आचार्यलाई कुर्सी हस्तान्तरण गरेका हुन्। मोना कोसेली बचत कोषमार्फत १५ हजार रुपैयाँ, अध्यक्ष दिपक छन्त्यालबाट ५ हजार रुपैयाँ र संस्थापक महासचिव तथा वर्तमान प्रमुख सल्लाहकार चन्द्र गोतामेबाट ११ हजार रुपैयाँ सहित ३१ हजार रुपैयाँ बराबरको ४० थान कुर्सी हस्तान्तरण गरेको हो। मोना कुवेतमा आबद्ध भइ घरबिदामा आउने प्रत्येक सदस्यले आफ्नो ठाउँमा रहेका दुःखी गरिब तथा विद्यालयलाई 'मोना कोसेली बचत कोष'मार्फत १५ हजार बराबरको सहयोग गर्न सकिने छ।

वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा कार्यरत रहेका म्याग्देलीहरुद्वारा सन् २०१८ मा 'प्रवासी म्याग्देलीहरुको भावना समृद्ध म्याग्दी हाम्रो चाहना' भन्ने मूल नाराका साथ स्थापना भएको मोना कुवेतले उल्लेखनीय मानवीय सेवाका कार्यहरु गर्दै आएको छ।

## साउदीमा रोजगार।

कम्पनी: SULTAN M. AL-QAHTANI & SONS TRANSPORT CO.
शहर: KSA
पूर्व स्वीकृत मितिः २०८०/११/२२ चलानी नं.: ६०२१५९८४ LT. No.:301097

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६३,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FARAJ FAHAD AL DOSSARY CONTRACTING COMPANY
शहर: KSA
पूर्व स्वीकृत मितिः २०८०/११/२२ चलानी नं.: ६०२१६००१ LT. No.: 301146

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 16 | 0 | | 1800 | ६३,५०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ३० गते (13 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५७३/०६२/०६३

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# व्यवसायी मगरलाई पितृशोक



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी पितमबहादुर मगरलाई पितृशोक परेको छ। काठमाडौंको सिनामंगलमा रहेको सुन्दर नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक मगरका पिता कृष्णबहादुर मगरको निधन भएको हो।

मगरको ८३ वर्षको उमेरमा मंगलबार छाउनीस्थित शैनिक अस्पतालमा निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ। स्व. मगरकी श्रीमती, तीन छोरी र तीन छोरा छन्।

## नयाँ ...

बिहान ११ बजेका लागि पार्टीको सचिवालय बैठक बोलाएको छ। उक्त बैठकबाट सरकारमा सहभागी हुने वा नहुने औपचारिक निर्णय लिने एकीकृत समाजवादीको तयारी छ। एकीकृत समाजवादीलाई विश्वासमा लिन सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पार्टीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई लिएर उनकै निवास कोटेश्वर पुगेका थिए। मंगलबार एमाले अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल सहितका नेताहरु प्रधानमन्त्री प्रचण्डहित नेपाल निवासमा पुगे।

यही बेला राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले पनि माधव नेपालसँग भेटवार्ता गरेका छन्। नेपालसँग कुटनीतिक नियोगका अधिकारीहरुले पनि भेट गरेको बताइन्छ। घटनाक्रमले माधव नेपाल राजनीतिको केन्द्रमा परेका हुन्।

विगतमा एमाले, माओवादी र एकीकृत समाजवादी एउटै पार्टीमा थिए। सर्वोच्च अदालतले नेकपा एकता भंग गरिदिएपछि एमालेबाट पार्टी फुटाएर नेपालले एकीकृत समाजवादी बनाएका थिए। संसद विघटनको विषयलाई लिएर भएको मतभेदले नेकपा एकता भंग हुने र एमाले फुट्ने अवस्थामा माधव नेपाल कारक रहेको भनी एमाले अध्यक्ष ओलीले आलोचना गर्द आएका थिए।

यसपटक नयाँ गठबन्धन बनाउँदा समेत एमाले र माओवादीले आफूलाई भाउ नदिएको भन्दै माधव नेपालले असन्तुष्टि जनाएको सार्वजनिक भएपछि प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष केपी ओलीले नेपाललाई उनकै निवास पुगेर विश्वास जित्न खोजेका छन्।

भेटमा प्रधानमन्त्री प्रचण्ड र एमालेका ओलीले नेपाललाई सँगै जाउँ भनेर प्रस्ताव गरेका छन्। एकीकृत समाजवादीमा महासचिव भुसाल भन्छन्, '

# आकांक्षा मुक्तक संग्रह लोकार्पण

**काठमाडौं/मस–** मुक्तककार कमला पौडेलद्वारा लिखित आकांक्षा मुक्तक संग्रहको लोकार्पण गरिएको छ।



सामुदायिक प्रहरी सेवा केन्द्र गंगबुको सभा हलमा भएको एक विशेष कार्यक्रमकाबीच पुस्तक लोकार्पण गरिएको हो। वरिष्ठ साहित्यकार मोतीराज बमको प्रमुख आतिथ्यमा भएको कार्यक्रम साहित्यका विभिन्न विद्यामा कलम चलाइरहेका सष्ट्राहरूको उपस्थिति रहेको थियो। लेखिकाका काका रवि पौडेलको सभापतित्वमा भएको कार्यक्रममा साहित्यकार तथा पत्रकार नारायण नेपाल, साहित्यकार बैरागी जेठा, साहित्यकार रसुवाली कवि, मुक्तक विद्यामा स्थापित मुक्तककारहरू सुनिल अधिकारी, एचके धिताल, राजेन्द्र घिमिरे तथा साहित्यकारहरू श्यामराज पाठक, छविरमण सिलवाल, चेतनपथ माधव लगायतले संयुक्त रूपमा मुक्तक संग्रहको लोकार्पण गरेका थिए। लोकार्पण कार्यक्रमको सञ्चालन चर्चित हास्य कलाकार एन्टिना घनश्यामले गरेका थिए।

प्रधानमन्त्रीले आफ्ना बाध्यताहरु बताउनुभएको छ। उहाँहरुको सँगै जाऔं भन्ने प्रस्तावमा हामी सकारात्मक छौं। कसरी अगाडि जाने भनेर औपचारिक रुपमै छलफल गर्छौं र निर्णय लिन्छौं।'

## फेरि...

नेताहरूले आरोप लगाउने गरेका छन्। तर, यसलाई कांग्रेस नेताहरुले माओवादीले बनाएका कथाको संज्ञा दिएको छ।

## चीन...

साझेदारी भएकाका कारण पनि चीनले चीन-नेपाल सम्बन्धमाथि उच्च महत्व दिएको बताएकी छन्। प्रवक्ता माउले नेपालको नयाँ सरकारसँग शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तको पालना गरी परम्परागत मित्रतालाई सबल पार्ने बताएकी छन्।

व्यावहारिक सहयोगलाई गहन पारी चीन र नेपालबीच विकास तथा समृद्धि उन्मुख युगौँयुग मैत्रीपूर्ण रणनीतिक सहयोगात्मक साझेदारी सम्बन्धको विकास गरेर दुई देशका जनतालाई अझ बढी फाइदा पुर्‍याउने इच्छा रहेको उनले बताइन्।

## मदिराका...

गर्ने हो भने नेपाली अग्रपंक्तिमा आउने ड्युटी फ्रि सपका क्यासिएर फिलिपिनी कामदार वालाङ् पासो बताउँछन्। राष्ट्रियताका दृष्टिले तपाईंका ग्राहक कुन देशका धेरै छन् भन्ने मध्यान्ह दैनिकको प्रश्नमा फिस्स हाँस्दै वालाङ्ले भने, 'मे बि नेपाली।' अर्थात सम्भवतः नेपाली। ड्युटी फ्रिको मदिराका पारखीहरु वैदेशिक रोजगारमा गएका न्यून तलबका कामदारदेखि कुटनैतिक, पारिवारिक तथा पर्यटकीय उद्देश्यले उक्त विमानस्थल प्रयोग गर्ने राम्रो आर्थिक हैसियतमा रहेका नेपाली हुने गरेको पनि वालाङ् बताउँछन्।

वालाङ् क्यासियर मात्रै हुन्। उनीभन्दा माथिल्लो पदमा काम गर्ने म्यानेजर पनि नेपाली नै रहेका छन्। उनले आकर्षक शैलीमा मदिराको बयान गर्ने र नयाँ प्याकेज अन्तर्गत केही दिनका लागि मात्रै छुटमा दिएको भनेर मदिरा पारखीहरूलाई सकेसम्म धेरै बोतल किन्न प्रेरित गर्ने गर्दछन्। जसले गर्दा नेपालमा दैनिक ठूलो परिमाणमा अनावश्यक मदिरा भित्रने गरेको छ।

यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री नेपालमा रहेको मदिरा संस्कृतिको दुष्प्रभावले सस्तोमा पाउने लोभमा कामदारहरू परिश्रमको कमाइ खन्याउन हौसिने प्रवृत्ति रहेको बताउँछन्। घर बिदामा स्वदेश फर्किंदै गरेका राजदूत क्षेत्रीले भने, 'नेपालबाट वैदेशिक रोजगारमा जानु अघिको अभिमुखीकरण तालिममा यस विषयमा पर्याप्त जानकारी नदिएका कारण नेपाली कामदार मदिराको आशक्तिमा परेको देखिन्छ। महंगो मूल्यको मदिरा किन्नु उचित होइन भनि काममा जानेहरूलाई सिकाउन जरुरी छ।'

## Thalara Rural Municipality
## Office of Rural Municipal Executive
**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

### Invitation for e-Bids for the Procurement of Goods and Works

**Date of First Publication: 2080/11/23 (March 6, 2024)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of goods and works mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount (NRs) with VAT | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| NCB/TRM/CW/ 02/2080/81 | Construction of Shree Jiula – Dikhla Road Thalara-4, Bajhang | 5,330,374.06/- | 133,300/- | 3000/- | 120 days |
| NCB/TRM/ GOODS/ 03/2080/81 | Procurement and Supply of Soap Production Machine and Allo Refining and Production Machine to the Office of Thalara Rural Municipality, Kholi, Bajhang. | 5,000,000.00/- | 125,000/- | 3000/- | 120 days |

Purschase, Submission and Opening:

| Contract ID | Last Date of Bid Purchase | | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| NCB/TRM/CW/ 02/2080/81 | 2080/12/22 (2024/04/04) | 17:00 Noon | 2080/12/23 (2024/04/05) | 12:00 Noon | 2080/12/23 (2024/04/05) | 14:00 Noon |
| NCB/TRM/GOODS/ 03/2080/81 | | | | | | |
| Bank Name & Address | Office Name Account Name | | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
| | | | Account No. | Account Name | Account No. | |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 184010261230016 |

- Tender document shall follow Public Procurement Act 2063 (Latest Amendment) Public Procurement Regulation 2064 (Latest Amendment).
- Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit non-refundable cost of bidding document.
- The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## Shahid Lakhan Rural Municipality
## Office of the Rural Municipal Executive
**Ghairung, Gorkha**

### Invitation for Bids

**Date of publication: 2080-11-23 BS**

1. Shahid Lakhan Rural Municipality Ghairung, Gorkha invites electronic bids only from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges under National Competitive Bidding (NCB) Bidding .
2. Tender Prodedure shall follow Public Procurement Act (1st Amendment,2073) & Public Procurement Regulation (12th Amendment, 2079)
3. The employer reserves the right to amend, accept or reject, wholly or partly, or any or all the bids without assigning any reasons whatsoever.
4. further information, Please refer to the PPMO web portal www.bolpatra.gov.np/egp.

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Office's Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Last Date & Time of Bid Opening | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/ TB/GOODS/ NCB/080/081-10 | Procurement & Supply of Fabrication steel parts of Two Trail Bridge and transportation up to Site. | 22,62,893.78 | (2080-12-23, BS) upto 12:00 Hr | (2080-12-23,BS) upto 13:00 Hr | 120 days | 76,500.0 | 3000.00 |

**Chief Administrative Officer**

# दिगो विकास र समृद्धिका निम्ति राज्यलाई कर तिर्नुपर्छ : नगरप्रमुख थापा



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ फागुन

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा एकदिने करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। भूमिकास्थान नगरपालिकाको संयोजन र करदाता सेवा कार्यालय अर्घाखाँचीको आयोजनामा वर्तमान कर व्यवस्था तथा आर्थिक विद्येयक २०८० मा भएका छुट सुविधाहरुको बारेमा जानकारी दिने उद्देश्यका साथ कार्यक्रम गरिएको कर दाता सेवा कार्यलय अर्घाखाँचीका प्रमुख कर अधिकृत महेन्द्र पुरीले जानकारी दिए।

कार्यक्रममा भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापाले राष्ट्रको विकासमा करको योगदान अतुलनीय रहेको बताउँदै दिगो विकास र समृद्धिका निम्ति आ-आफ्नो ठाउँबाट सबैले कर तिर्नुपर्ने बताए। नगरप्रमुख थापाले कर तिर्ने सहज वातावरणको सिर्जना गरी करदाताको सम्मान गर्ने गरी अगाडि बढ्न करदाता सेवा कार्यालयलाई आग्रह गरे।

कार्यक्रममा भूमिकास्थान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव खिमानन्द आचार्यले नागरिकको दायित्व अन्तर्गत कर तिर्ने कार्य समेत परेको बताउँदै समयमा कर तिर्न र करको नियम पालना गर्न सरोकारवाला करदातालाई अपिल गरे। करको दायरमा जोडिएर राज्यलाई समृद्धिको यात्रामा लैजान हातेमालो गर्नुपर्ने उनको तर्क छ।

कार्यक्रममा सहभागी भूमिकास्थानका विद्यालयमा लेखा हेर्ने शिक्षक, कर्मचारी, सहकारीका लेखा हेर्ने पदाधिकारी तथा प्रतिनिधिसहित उद्योगी र व्यवसायीले करसम्बन्धी विभिन्न जिज्ञासा समेत राखेका थिए। कार्यक्रममा करदाता सेवा कार्यालय सन्धिखर्कका कर अधिकृत महेन्द्र पुरी र भूमिकास्थान नगरपालिकाका उद्योग तथा सहकारी शाखा अधिकृत शंकर अधिकारीले कारोबारको लेखा कसरी राख्ने ?, बिल, बिजक कसरी जारी गर्ने ?, कति कारोबार हुनेले कस्तो विवरण पेस गर्ने ?, विवरण तथा कर दाखिला कहिले गर्ने ? लगायतका विषयमा प्रस्तुतीकरण दिएका थिए।

भूमिकास्थानका कम्प्युटर अधिकृत शेषकान्त घिमिरे ओसनले सञ्चालन गरेको कार्यक्रममा करदाता सेवा कार्यालय सन्धिखर्कका नासु टोप बहादुर गुरुङको स्वागत मन्तव्य रहेको भूमिकास्थानका उद्योग तथा सहकारी शाखा अधिकृत अधिकारीले जानकारी दिए।

# स्रोत नखुलेको १० लाख रुपैयाँसहित दुई जना पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ फागुन

रौतहटमा स्रोत नखुलेको १० लाख रुपैयाँसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। नेपाली नम्बरको ब्रेजा कार र १० लाख नगद रुपैयाँसहित दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए।

पक्राउ पर्नेमा मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ बस्ने ३० वर्षीया मरमती मोक्तान र ३६ वर्षीय देवराज थिङ रहेको एसपी श्रेष्ठले बताए। इलाका प्रहरी कार्यालय बन्जरहाबाट गएको प्रहरीले टोलीले ईशनाथ नगरपालिका १ मा शंका लागेर उनीहरूले प्रयोग गरेको प्र३०१-०२३च ५३८५ नम्बरको कारलाई जाँच गर्ने क्रममा उक्त नगद फेला परेको प्रहरीले बताएको छ।

कारमा पछाडि सवार देवराज थिङले बोकेको कालो रङको झोलाभित्र स्रोत नखुलेको नेपाली १ हजार दरको नोट ८५० थान र ५०० दरको ३०० थान जम्मा १० लाख रुपैयाँसहित दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी एलिजा गिरीले जानकारी दिइन्।

# मुटुरोगी बालकलाई आर्थिक सहयोग

**चन्द्र गोतामे/मध्यान्ह**
कुवेत, २२ फागुन



विश्वकर्मा एकता समाज नेपाल कुवेतले मुटुरोगी नाबालकलाई ४४ हजार बढी आर्थिक सहयोग गरेको छ। बागलुङ नगरपालिका-११ रायडाडा (सिकादिप)का सुजन विश्वकर्माका एक वर्षीय छोरा सहिम विश्वकर्माको उपचारका लागि ४४ हजार २ सय रुपैयाँ आर्थिक सहयोग गरिएको अध्यक्ष गम सुनारले जानकारी दिए।

नाबालक सहिमलाई मुटुसम्बन्धी समस्या भएको र घरको आर्थिक अवस्था पनि निकै नाजुक रहेकाले विश्वकर्मा एकता समाज कुवेतको पहलमा आर्थिक सहयोग संकलन गरिएको हो। नाबालक सहिमको उपचारका लागि कुवेतमा रहेका विभिन्न संस्था तथा व्यक्तिबाट आर्थिक संकलन गरी हस्तान्तरण गरिएको हो।

विश्वकर्मा एकता समाज कुवेतबाट ५२ कुवेती दिनार (रु.२२,३६८), नेपाल कुवेत सांस्कृतिक मञ्चबाट ३१ कुवेती दिनार (रु. १३,३३५), रमेश नेपालीबाट ११ कुवेती दिनार (रु.४,७३१) , दुर्लब शर्माबाट ५ कुवेती दिनार (रु. २१५०) र दिल श्रीपालीबाट ५ कुवेती दिनार (रु. २१५०) सहयोग प्राप्त भएको हो।

# आर्थिक अभावले उपचारबाट वञ्चित



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २२ फागुन

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ५ लेखाबाङका चक्रमिलन घर्ती छारे रोगले ग्रसित छन्। घरको आर्थिक अवस्थाका कारण उनको उपचार हुन नसकेको स्थानीय मोहन केसीको भनाइ छ। छारे रोगका कारण बेहोस भएको बेला खाना पकाउने चुलोमा पर्दा उनको खुट्टासमेत पोलेको छ। उनका बुवा आमा पनि अरुको मजदुरी गरेर गुजारा चलाउने गरेको स्थानीयको भनाइ छ।

उपचार गर्ने पैसा नभएपछि उनी घरमै बसिरहेका छन्।कसैले केही सहयोग गरे उपचार गराउन पाउने आशामा बसेको उनी बताउँछन्। उनी अहिले २८ वर्षका भए। २ वर्षदेखि उनी रोगले ग्रसित छन्। रोगकै कारण उनी काम गर्न सक्दैनन्, हिँडडुल गर्न पनि अर्काको सहारा लिनुपर्छ।

## Tila Rural Municipality
## Office of The Rural Municipality Executive
**Dundeli, Jumla**

## Invitation For Bids

**First Date of publication: 06-03-2024 (2080/11/23)**

1. Tila Rural Municipality invites sealed quotations from registered contractors for the construction of various works and Goods. The estimated amount for the works is mentioned in given following table National Competitive.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Tila Rural Municipality, Dundeli, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| SN | Contract ID | Description of work | Bid security (NRs.) | Bid document Price (NRs.) | Estimated Amount (With VAT and con-tingency) |
|---|---|---|---|---|---|
| 1. | TRM/Jumla/SQ/Good/080/081-01 | Aadharbhut Tatha Aakasmik Swasthya Sewako laagi Aushadhi kharid. | 50,000.00/ | 1000 | 19,95,000.00/- |
| 2. | TRM/Jumla/SQ/Good/080/081-02 | Ga.Pa Ra WFP ko sajhedari Yojana-haru Nirman Samagri Kharid. | 50,000.00/ | 1000 | 19,88,000.00/- |

3. A complete set of Bidding Documents may be purchased from the office Tila Rural Municipality, Dundeli, Jumla,Karnali Province, Nepal and the office Tila Rural Municipality, Dundeli, Jumla, Karnali Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till null during office hours. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : Nabil Bank Ltd.
**Name of Office** : Tila Rural Municipality
**Office Code no** : 801066205
**Office Account no** : 07201017500243
**Rajaswa (revenue) Shirshak no.** : 801066205

4. Sealed must be submitted to the office Tila Rural Municipality, Dundeli, Jumla, Karnali Province,Nepal by hand/courier before 22-03-2024 (2080-12-09) 12:00.PM Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-03-2024(2080-12-09) 14:00 PM at the office of Tila Rural Municipality Raralihi Jumla Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of bid security in bank :

**Bank Name** : **Nabil Bank Ltd.**
**Account Name** : **tila. Gaa.Paa.-3 Sthaniya Taha dhaurati Khata.**
**Account Number** : **07201017500262.**

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.

**Chief Administrative Officer**

## Shivasatakshi Municipality
## Office Of The Municipal Executive
**Koshi Province, Jhapa**

## Invitation for online Bids

Date of Publication: **2080/11/23 (06-Mar-2024)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 23/SM/NCB/Road/2080/081 | Construction of Blacktop road at Rangiyathan Bazar ward no 04, Dudhe-Bachhabagar Road ward no 11, Manglebare-imansingh road and Gravel work at different Road of ward no 02 | Nrs 3000.00 | **Nrs 60,69,634.98** | 90 Days After Bid opening | **Nrs 1,54,000** | 30 Days beyond the Validity of Bid | 05-Apr-2024 12: 00 Hours | 05-Apr-2024 14: 00 Hours |

2. **Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no.: 29601400000017**
3. If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
4. A complete set of Bidding Documents may be download from PPMO **website www.bolpatra.gov.np/egp.** Bidder may obtain further information from the office of Shivasatakshi miunicipality, Tel 023-470323 or visit website **www.shivasatakshimun.gov.np.**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
२३ फागुन २०८०, बुधबार
6 March 2024, Wednesday

## सम्पादकीय

## हाम्रै विवेक, हाम्रै निर्णय

नेपालको सत्ता निर्माण र पुनर्निमाण हुँदा सधैं छिमेकी देशहरूको भूमिकाबारे चर्चा हुने गर्छ । विशेषगरी दक्षिणी छिमेक भारतले नेपालको आन्तरिक राजनीतिलाई प्रभावित बनाउने गरेको नेताहरूले सार्वजनिक रूपमै टिप्पणी गर्ने गर्छन् । यो प्रशंग सोमबार सत्ता समीकरण परिवर्तन भइरहँदा पनि उठ्यो । अझ प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी एक कार्यक्रमकै बक्ताले दक्षिणी छिमेक भारतले नेपालको सरकारलाई हेर्ने दृष्टिकोणको प्रशंग उठाएका थिए । भारतमा नेपालका प्रधानमन्त्रीबारे भइरहेको टिप्पणीबारे प्रचण्डसँग ती बक्ताले जवाफ मागेका थिए । प्रधानमन्त्री प्रचण्डले भने कसैले आफूलाई घोडा बनाउन खोजे, त्यस्तो प्रयास बिफल हुने बताए । तर पनि भारतको अनुकुलमा रहेको नेपालको सत्ता गठबन्धन परिवर्तन भएको चर्चा चलिरहेको छ ।

त्यसैबेला उत्तरी छिमेक चीनको नेतृत्व गरिरहेको चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को नेताले नेपालमा बदलिएको सत्ता समीकरणबारे सार्वजनिक टिप्पणी गरेका छन् । नियमित पत्रकार सम्मेलनमा ती नेताले नेपालमा बदलिएको सत्ता समीकरणबारे जानकार रहेको बताउँदै नयाँ सरकार गठनबारे समेत शुभेच्छा राखे । पत्रकार सम्मेलनमा सोधिएको प्रश्नमा समेत जवाफ निर्भर हुन्छ । त्यसैले ती चिनियाँ नेताको अभिव्यक्ति सोधिएको प्रश्नमा अशल छिमेक सम्बन्धकै निम्ति बोलिएको अर्थमा पनि बुझ्न सकिन्छ । तर पछिल्लो समय चीनको बदलिएको कुटनीतिका कारणले शंका पनि उत्तिकै गर्नुपर्ने हुन्छ । त्यसैपनि सोमबार नेपालमा परिवर्तन भएको सत्ता गठबन्धन मूल कम्युनिष्ट शक्तिहरू एमाले र माओवादीमा छन् भने भत्किएको गठबन्धनबाट नेपाली कांग्रेस अलग भएको छ । विपक्षीमा दक्षिणपन्थी शक्ति राप्रपा छदैछ । त्यसैले चीनको टिप्पणीलाई संयोग मात्रै मान्न हुन्न ।

किनकि नेपालको राजनीति यहीका नेताहरूको विवेकबाट चल्नुपर्छ । सार्वभौम नेपाली जनताबाट निर्वाचित सांसदहरूको गणितका आधारमा सरकार बन्नुपर्छ । एउटा सार्वभौम मुलुकमा हुने राजनीतिको स्वभाविक प्रक्रिया यही नै हो । तर स्वयं नेताहरूले छिमेकी प्रभाव र दबावको प्रशंग सार्वजनिक रूपमा प्रकट गर्ने देखिन्छ । विशेषगरी सत्ताबाट अलग हुनुपर्दा विदेशी इसाराको आरोप अर्का दल र नेतामाथि लगाउने गरिन्छ । यस्तो प्रवृत्तिले सिध्याउने भनेको दल, तिनका नेता मात्रै नभएर मुलुकको सार्वभौमसत्तामै प्रश्न उठ्छ । त्यसैले जस्तोसुकै राजनीतिक निर्णय पनि यहीँका जनमत र नेतृत्वको विवेकबाट गरिनुपर्छ ।

# सत्तालिप्साको चेपुवामा सुशासन

अग्रलेख



● डा. दिबाकर बशिष्ठ

विकास भन्ने वित्तिकै हामी आर्थिक विकासलाई सम्झिने गर्दछौं । तर, हाल विकास, सुशासन र नागरिकलाई गरिने सेवा प्रवाह सत्ता लिप्साको चेपुवामा परेको देखिन्छ । बारम्बारको सत्ता लिप्सा र सत्ता परिवर्तनले नागरिकलगायत कर्मचारीतन्त्रसमेत आजित भैसकेको छ । यहाँ आर्थिक विकास भनेको आर्थिक वृद्धिको साथै जनताको समग्र जीवनस्तरमा आउने सकारात्मक परिवर्तन हो । यो अर्थतन्त्रको गुणात्मक वृद्धि पनि हो । नागरिकहरूले आर्थिक लाभ लिन सक्ने र आफ्नो जीवनस्तर उकास्ने अवस्था नै आर्थिक विकास हो । सन्तुलित विकास, क्षेत्रीय सन्तुलन, भौतिक पूर्वाधारको विकास, मानव विकास, समावेशी विकास, स्थानीय विकास, सहस्राब्दी विकास, दीगो विकास आदि आर्थिक विकासका सूचक हुन् । नेपालको आर्थिक विकासका पक्षहरूमा कृषि, उद्योग, वाणिज्य, पर्यटन, वैदेशिक रोजगार, सञ्चार, यातायात, शिक्षा, स्वास्थ्य र मानव संशाधन पर्दछन् । यसलाई आर्थिक वृद्धिसँगै नागरिकको जीवनमा आउने गुणात्मक परिवर्तन मानिन्छ । नीति, योजना, उत्पादनका साधनको परिचालन आदिद्वारा विभेदको अन्त्य, आयको वृद्धि, स्वास्थ्यलगायत सामाजिक सुरक्षाको विकास, सशक्तिकरणमा वृद्धिलगायतका उद्देश्य पूरा गर्न सकिन्छ । समृद्ध र समुन्नत आर्थिक निर्माण गर्ने प्रकिया नै आर्थिक विकास हो ।

नेपालमा विभिन्न चुनौतीका कारण आर्थिक विकास ओझेलमा परेको छ । जसमा उच्च गरिबी, कृषिमा आधारित अर्थव्यवस्था, जनचेतनाको अभाव, व्यवस्थापकीय चुनौति, स्रोत र साधनको अभाव, तथ्यांक भण्डारणको अभाव, जनचाहना वृद्धि, प्रतिबद्ध राजनैतिक नेतृत्वको अभावको साथै, बारम्बारको सत्ता परिवर्तन, वातावरणीय चुनौति, बौद्धिक वर्गको पलायन, जनसहभागिताको उपेक्षा, उत्तरदायी कर्मचारीतन्त्रको अभाव, सुशासनको अभाव, भौगोलिक विविधता, व्यवस्थापन सूचना प्रणालीको अभाव, विप्रेषणले धानिएको अर्थतन्त्र, सार्वजनिक सेवा प्रवाहमा सुधारको अभाव, मुद्रा र पुँजी बजारको अभावलगायत छन् ।

नेपालमा सन् १९८० को दशकबाट संस्थागत सुशासनको सुरुवात भएको पाइन्छ । नेपालको नवौं योजनादेखि सुशासनलाई विकास प्रशासनको अवधारणासँग आबद्ध गरिएको छ । विश्वको तुलनामा नेपालको सुशासनको अवस्था नाजुक छ । नेपालमा बारम्बारको सत्ता परिवर्तन र राजनीतिक अस्थिरता तथा दण्डहीनताको कारण पनि कर्मचारीतन्त्र जनमुखी हुन नसकेको र जनतालाई सेवाको डेलिभरी राम्रा दिन नसकेको, जवाफदेहिता, स्वतन्त्र न्यायपालिका, कुशलता, प्रभावकारिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा अपेक्षित सुधार भएको देखिँदैन । संस्थागत सुशासनका आयामहरूमा प्रजातान्त्रिक शासन व्यवस्था, सार्वजनिक उत्तरदायित्व, चुस्त प्रशासन यन्त्र, आचरण र व्यवहारमा सुधार र सेवाग्राहीको हित पर्दछन् । व्यवसाय तथा कम्पनी सञ्चालनका लागी बनेका नीति नियम, ऐन, कानून तथा कार्यविधिलाई समष्टिगतमा संस्थागत सुशासन भन्ने गरिन्छ । कुनै पनि देशको सुशासनको अवस्थालाई अंग गणितीयरूपमा मापन गर्न सकिँदैन । सुशासनलाई देख्न र छुन भन्दा पनि ग्राहकहरूको मुहारमा हाँसो र मुस्कानको साथै दूरदराजमा रहेका नेपालीलाई विकासको अनुभुति गराउनु हो तर, यो सेवा प्रवाहमा हुने ढिलासुस्तीले र प्रशासनिक सास्तीले ओझेलमा पारेको छ ।

स्रोत, साधन र अवसरको समुचित व्यवस्थापन नै सुशासन हो । यसलाई असल शासन पनि भनिन्छ । जहाँ वैधानिकता, उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचाररहित शासन हुन्छ, त्यही नै सुशासन हो । विश्व बैंकका अनुसार सुशासन भनेको भविष्यपरक तथा खुला नीति निर्माण, व्यवसायिक कर्मचारीतन्त्रको विकास, पारदर्शी र जनउत्तरदायी सरकार, संयुक्त नागरिक समाज र कानुनी शासन हो भनिएता पनि पछिल्लो समय भ्रष्टाचार बढेको, सरकार र कर्मचारीबीचको आपसी सामञ्जस्यता कमी आएको, सरकारप्रति नागरिकको आस्था र विश्वासमा ह्रास आएको हुँदा विकास निर्माणले समेत गति लिन सकेको छैन । कमजोर राज्य क्षमता, सकारात्मक सोचको अभाव, अधिकार क्षेत्र नाघी काम गर्ने परिपाटीको विकास, अध्ययन अनुसन्धान बिना नै अरुको नक्कल गर्ने परिपाटीले सुशासनलाई गिज्याइरहेको छ ।

नागरिकको चाहना भनेको सूचना प्रविधिको विकास, सूचनाको हक, सरकारी तथा गैरसरकारी संस्थाको सबलीकरण, भविष्यउन्मुख शासन प्रणालीको विकास, शासनमा नागरिक संस्थाको सहभागिता हो तर, हाल सरकारले जनविश्वास गुमाउँदै जानुमा आपसी समझदारीमा कमी, राज्य शक्ति क्षय हुनु, विश्वसनियता कमी, साधन र सीपको कमी, मनोवैज्ञानिक अवरोध र विकासभन्दा लोकप्रिय नारामा मात्र जोड दिने प्रवृत्तिले जनताको राजनीतिक प्रणालीप्रतिको वितृष्णा बढ्दै गएको देखिन्छ ।




*सेवा प्रवाह जनविश्वास कायम गर्ने प्रमुख आधार हो । तर व्यवस्था परिवर्तन पछि पनि सेवा प्रवाह जनअपेक्षित हुन सकेको छैन । नाममा संघीय व्यवस्था छ, तर केन्द्रीकृतको धङधडी अझै उस्तै छ । जनताले फरकपनको महसुस गर्न पाएका छैनन् । एकातिर सेवा प्रवाह गुणस्तरीय र छिटो छरितो छैन भने अर्कोतिर विकेन्द्रीकृत हुन सकेको छैन । बिडम्बना, सत्ता खेलमा व्यस्त हुँदा नेतृत्वले सुशासनतर्फ ध्यानै दिन सकेको छैन ।*

सेवा प्रवाह जनविश्वास कायम गर्ने प्रमुख आधार हो । मुलुकमा संघीयताको विकास भइसक्दा पनि प्रमुख प्रशासनिक केन्द्रलगायत काठमाडौंमै केन्द्रित भएको हुँदा सर्वसाधारण सरकारी सेवा लिनको लागि महँगो गाडी भाडा, हप्तौंको होटल बसाइले आजित भएको देखिन्छ । अझै पनि अधिकांश कार्यालयबाट गुणस्तरीय र छिटो छरितो सेवा प्रवाह हुन सकेको छैन । तपाइंको काम भोलि हुन्छ भनिन्छ तर, त्यो भोलि कहिले आउने ? सामान्य उदाहरण लिनुपर्दा त्रिभुवन विश्वविद्यालयबाट एक जना छात्रले ट्रान्सक्रिप्ट प्राप्त गर्न १५ दिन होटलमा बस्नुपर्ने अवस्था छ । त्यस्तै, अन्य कार्यालयको अवस्थामा पनि तात्त्विक सुधार हुन नसकेको कारण विकास, सुशासन र सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन ।

जनतालाई छिटो छरितो सेवा कसरी प्रवाह गर्ने, उनीहरूको आधारभूत आवश्यकता कसरी पूरा गर्ने, कृषि, वाणिज्य, पर्यटनलगायत उद्योगको विकास गरी कसरी रोजगारी सिर्जना गर्ने, युवा विदेश पलायनलाई कसरी नियन्त्रण गर्ने साथै, देशमा भौतिक पूर्वाधारको विकास कसरी समयमा सम्पन्न गर्नेभन्दा पनि कसरी सत्ता प्राप्त गर्ने कसरी मन्त्री र सांसद हुने साथै कसरी आफ्नो मानिसलाई उच्च पदमा नियुक्ति दिने बाहेक राजनेतामा अन्य सोचको अभाव रहेको हुँदा आर्थिक विकासले गति लिन सकेको छैन ।

विकास, सुशासन र डेलीभरि एक अर्काका परिपूरक हुन । एक बिना अर्को प्राप्त गर्न सकिँदैन । तर जता हेर्‍यो उतै प्वाल परेको भनेजस्तै अर्थव्यवस्थाको कुनै पनि अङ्गको विकास अपेक्षित हुन सकेको छैन । विकासकै कुरा गर्दा कृषि क्षेत्रको विकासलाई बिर्सन सकिँदैन । यसलाई हेर्दा अझै पनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, जग्गाको खण्डिकरण, मूल्य र बजारको समस्याले किसानले सडकमा दूध फालेको अवस्था, सिँचाइको अभाव, खुला आयात, उन्नत बीउ, मल, र किटनाशक औषधीको अभाव, मौसममा निर्भरता, भौतिक पूर्वाधारको कमी, अव्यवस्थित सहरीकरण, प्रभावकारी सरकारी नीति र अनुसन्धानको अभावले कृषि क्षेत्र कठिन अवस्थाबाट गुज्रेको छ ।

उद्योग मुलुकको आर्थिक विकासको मुख्य पक्ष हो । जिडिपीमा यसको योगदान छ प्रतिशत हाराहारीमा छ । प्रथम पञ्चवर्षीय योजनादेखि हाल अन्तरिम योजना २०१५ सम्म यसको विकासका विभिन्न नीति पारित भएको छ । तर, कार्यान्वयन अपेक्षित छैन, जसको कारणमा राजनैतिक अस्थिरता, उर्जा संकट, कमजोर संस्थागत सुशासन, सुरक्षा, उर्जा, पूर्वाधार, प्रतिस्पर्धा, व्यापारघाटा, पुँजी पलायन, प्रविधि हस्तान्तरणको समस्या र भूपरिवेष्ठिताको कारण अपेक्षित उद्योगको विकास हुन सकेको छैन । त्यस्तै, पर्यटन एक ठाउँबाट अर्को ठाउँमा निश्चित उद्देश्य प्राप्तिको लागि हुने भ्रमण हो । यसको विकास मानव सभ्यताको विकाससँगै भएको हो । यो दुई किसिमको हुन्छ, आन्तरिक र बाह्य । यो आर्थिक विकासको मुख्य स्रोत हो । पर्वतारोहण पर्यटन, पदयात्रा, जलयात्रा, व्यवसायिक, साहसिक पर्यटन, क्यासिनो, सांस्कृतिक, खेलकुद, धार्मिक, कृषि, स्वास्थ्य, चलचित्र, शैक्षिक आदि यसका पक्षहरू हुन् । पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक विकास र रोजगारी यसको लक्ष्य हो तापनि बारम्बारको सत्ता परिवर्तन र पर्यटनका सम्भाव्य क्षेत्रको विकास अभावले यसको विकास पनि अपेक्षित देखिँदैन ।

कुनै पनि वस्तु तथा सेवा वा बौद्धिक सम्पत्तिको खरिद-बिक्री, विनिमय र हस्तान्तरणका सम्पूर्ण क्रियाकलापलाई वाणिज्य वा व्यापार भनिन्छ । यो आन्तरिक र वैदेशिक दुई प्रकारको हुन्छ । यो आर्थिक विकासको प्रमुख सूचक हो । भारत र चीनसँग मात्र नभई हाल विश्वका १५५ भन्दा बढी मुलुकसँग व्यापार सम्बन्ध रहेको छ । हाल कुल वैदेशिक व्यापार कुल ग्राहस्थ उत्पादनको ४१ भन्दा बढी प्रतिशत पुगेको छ । नेपालको वैदेशिक व्यापार निरन्तर घाटामा रहेको छ । हाल ६५ प्रतिशत व्यापार भारत १४ प्रतिशत चीन, २१ प्रतिशत अन्य मुलुकसँग व्यापार हुने गरेको छ । यस क्षेत्रमा हेर्ने हो भने बढ्दो आयातले र निर्यात गर्न नसकेको अवस्थाले हामी थला परेका छौं । व्यापार घाटा प्रतिवर्ष बढिरहेकै छ ।

नेपालले प्राप्त गर्ने कुल बिप्रेषणमा भारतबाट प्राप्त हुने बिप्रेषणको हिस्सा उल्लेख्य रहेको छ । व्यापार सम्बन्ध र खुला सीमानाका कारण भारतबाट अनौपचारिक माध्यमद्वारा समेत विप्रेषणको रूपमा रकम भित्रिने गरेको तथ्य सार्वजनिक भैरहेको छ । हाल संस्थागतरूपमा नेपालले वैदेशिक रोजगारीका लागि ११० देशहरू खुला गरेको छ भने ८ देशहरू (कतार, युएइ, जापान, दक्षिण कोरिया, बहराइन, इजरायल, जोर्डन र मलेसियासँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपालीहरू कामका लागि वैदेशिक रोजगारीमा गएको पाइन्छ । तथापि, यसबाट प्राप्त आयलाई समेत उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न सकिएको छैन । समग्र अर्थतन्त्रको २५ प्रतिशतभन्दा बढी बिप्रेषणले धानेको छ । जनसङ्ख्याले कुनै मुलुकमा बसोबास गर्ने सबै मानिसहरूको सङ्ख्यालाई जनाउँछ । तर जनशक्ति भनेको आर्थिक गतिविधिमा सक्रिय जनसङ्ख्याको एक हिस्सा हो । कुनै पनि कार्यकुशल तरिकाले सम्पन्न गर्न सक्ने ज्ञान, सीप र क्षमतायुक्त प्रविधियुक्त मानसिक र भौतिकरूपमा सक्षम जनशक्तिलाई मानव स्रोत भन्ने गरिन्छ । नेपालको मानव विकास सूचकांक ०.५७ रहेको छ । तसर्थ, उपरोक्त आर्थिक विकासका पक्षहरू सत्ता लिप्साको फलस्वरूप सत्ता परिवर्तनको चेपुवामा परेको हुँदा सम्बद्ध र सुखी नेपालीको अवधारणा ओझेलमा परेको छ भन्नुमा अत्युक्ति नहोला ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

गठबन्धन या सरकार फेरिएको खबरसँग आम जनताको खासै चासो/रूचि छैन । बरू सत्ता पाउन नेपालको राजनीतिमा जे पनि हुन सक्छ भन्ने सन्देश जाँदैछ । नेताहरूले चिन्तन गर्नुस् ! देश/जनताको अवस्था बदल्न राजनीतिको सोच र कार्यशैली जनताले अनुभुती गर्न सक्ने गरी बदल्नोस् । परिणाम देखाउनु होस् ।



**- डम्मर खतिवडा**

अब कांग्रेस प्रतिपक्षमा रे ! केको प्रतिपक्ष ? सरकारबाट गलहत्याइएका मान्छे र पार्टीलाई प्रतिपक्ष भन्ने हो ? न हिजो एमाले र रास्वपा थिए, न अब कांग्रेस प्रतिपक्ष हो । संसदभित्रका सबै दल उस्तै र एउटै सिन्डिकेटका अंश मात्रै । त्यसै भन्या हैन नि-जनता प्रतिपक्ष, जनप्रतिपक्ष, नागरिक प्रतिपक्ष ।



**- विष्णु सापकोटा**

प्रचण्डले किन गठबन्धन फेरे भन्न विश्लेषण नै के चाहिन्छ र ? साधारण टिप्पणीले पुग्छ : अब केही महिनामा पालो पुग्दै थियो, कम्तिमा दुई वर्ष थप प्रम पाए । राष्ट्रिय सभा अध्यक्ष सजिलै पाए । एमालेसँग संक्रमणकालीन न्याय र सत्ताको लेनदेन एकै झट्कामा मिल्ने भो । र, देउवा र ओली दुवै यसका लायक छन् ।



**- बद्री बिनोद**

नेपाली कांग्रेसमा शेखर, गगनहरू बलिया देखिए । पार्टी सभापति देउवा क्रमशः ओरालो लागेको घटनाक्रमले देखायो । महासमिति बैठकमा शेखर गगनहरू हाबी भए । उनीहरूले प्रस्तुत गरेका प्रस्ताव पूरै पास हुनासाथ सत्ता गठबन्धन ढल्यो । गठबन्धन जोगाउन नसक्दा देउवालाई धक्का लागेको छ, शेखर-गगनलाई भने मज्जा भएको छ ।

## तपाईंको राशिफल


- मेष : सामाजिक जीवन प्रभावशाली रहनेछ । शत्रु कमजोर हुनेछन् ।
- वृष : पराक्रम बढ्नेछ । विद्यार्थीहरुको लागि समय राम्रो छ ।
- मिथुन : उधारो धन दिनु हुँदैन । विरोधी कमजोर हुनेछन् ।
- कर्कट : बाहन प्राप्तिको योग छ । यात्रा सफल हुनेछ ।
- सिंह : आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । यश बढ्ने योग छ ।
- कन्या : सबै कार्यहरुमा सावधानी आवश्यक छ । धैर्यता राख्नुपर्छ ।
- तुला : मन अलि बेचैनी हुनेछ । कार्यलाई टार्नु हुँदैन ।
- वृश्चिक : वाणी संयम राख्नुपर्छ । अनावश्यक विवादमा पर्ने योग छ ।
- धनु : यात्रा पूर्ण हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।
- मकर : पैतृक सम्पत्ति प्राप्तिको योग छ । नैतिकता आवश्यक हुनेछ ।
- कुम्भ : शुभ समय प्राप्त हुनेछ । जोखिम नलिनु होला ।
- मीन : पारिवारिक उल्झन अशान्ति पैदा गर्नेछ । स्वास्थ्य सामान्य रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# समीकरण र सम्भावना

विचार



● लेखराज रेग्मी

*शान्ति सम्झौताले पूर्णता पाउन नसक्नु, सरकार छोड्न पर्ने सहमति नजिकिँदै जानु र संवैधानिक पदहरूमा शून्य उपस्थितिको स्थिति देखिनु, यी गठबन्धनका यस्ता उपहार थिए कि माओवादी सरकार छोडेर समाजवादी मोर्चा फराकिलो र बलियो बनाएर संघर्षको मोर्चामा जानुको विकल्प थिएन र यसमा आन्तरिक सहमति जुटिहाल्ने सहज परिस्थिति पनि थिएन ।*

यसपटक समीकरणमा जादुगरी ढंगले जसरी परिवर्तन आयो यसका केही सकारात्मक र केही नकारात्मक सन्देश महसुस गर्न थालिएको छ । महासमिति बैठकपछि थोरै बलियो देखिएका देउवा नेपाली कांग्रेसभित्रका विवाद समाधान गरेर आफ्नो लागि सकारात्मक स्थिति बनाउने सोच्दै थिए । चौरासीमा एक्लै चुनावमा जाने प्रस्ताव सकारात्मक नकारात्मक जे भएपनि असामयिक र गठबन्धनको मनोविज्ञान समेत हेर्दा असान्दर्भिक नै थियो । यसैमा टेकेर शेरबहादुर देउवा यसलाई तत्काल निर्णय गर्नबाट रोक्न सफल भए । यसले उनको परिपक्व नेताको पहिचान एक हदसम्म नेपाली कांग्रेसभित्र स्थापित गर्‍यो । अर्थात् त्यतिकै परिपक्वता अरुमा देखिएन ।

कांग्रेसले यात राष्ट्रिसभाको अध्यक्ष दिएर सत्ता साझेदारको रूपमा माओवादीलाई विश्वासमा लिन सक्नुपर्थ्यो वा शेरबहादुर देउवाले अध्यक्षको बदलामा आफ्नो कार्यकाल प्रचण्डलाई थपेर विश्वासमा लिनुपर्थ्यो । यहाँ कांग्रेसका फरक-फरक गुटले देउवालाई अक्करमा पारिरहेका थिए र यो अवस्था सुरुको सरकार गठनको बेलाकै जस्तो रह्यो । शान्ति सम्झौताले पूर्णता पाउन नसक्नु, सरकार छोड्न पर्ने सहमति नजिकिँदै जानु र संवैधानिक पदहरूमा शून्य उपस्थितिको स्थिति देखिनु, यी गठबन्धनका यस्ता उपहार थिए कि माओवादी सरकार छोडेर समाजवादी मोर्चा फराकिलो र बलियो बनाएर संघर्षको मोर्चामा जानुको विकल्प थिएन र यसमा आन्तरिक सहमति जुटिहाल्ने सहज परिस्थिति थिएन । यी दुवै प्रतिकुलताबाट बँच्न प्रचण्डसँग यो बाहेक उपाय थिएन र यो उनको बाध्यता थियो । अर्थात् कांग्रेसले ढोका थुनेर बिरालो कुट्ने गल्ती गरिरहेको थियो ।

